दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ४३ | बुटवल | २०८१ माघ २४, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Feb. 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# क्यान्सरका बिरामीलाई किमो नि:शुल्क गर्छौं : स्वास्थ्यमन्त्री पौडेल

**क्यान्सर लागेको पत्ता लागिसकेकेकाहरूका लागि उपचार सर्वसुलभ गराउने र उपचार गर्न नसक्नेहरुका लागि नि:शुल्क गराउने तयारी भइरहेको छ।**

**लुम्बिनी संवाददाता**
*पोखरा*

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपालमा महिलामा पाठेघरको क्यान्सर भयावह अवस्थामा रहेको भन्दै अब त्यसलाई न्यूनीकरण गर्न मन्त्रालय लागिपरेको बताएका छन्।

पोखराको वडा नम्बर १२ स्थित शिलतादेवी माविबाट पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप लगाउने अभियानको थालनी गर्दै स्वास्थ्यमन्त्री पौडेलले यस विषयमा स्वास्थ्य मन्त्रालय गम्भीर रहेको बताएका हुन्।

'नेपालमा ६ जना महिलाको मृत्यु हुने, त्यसमा ४ जना पाठेघरको क्यान्सरबाट मृत्यु हुने कुरा सामान्य विषय होइन,' स्वास्थ्यमन्त्री पौडेलले भने-'मेरो आमा, दिदीहरू, मेरा समकालीन साथीहरू थुप्रैको क्यान्सरका कारण मृत्यु भयो। थुप्रैले यो समस्या बोकेर बाँचिरहनुभएको छ।'

अहिलेका किशोरी, बहिनीहरू, छोरीहरूलाई भ्याक्सिन उपलब्ध गराउन सक्यौं भने भविष्यमा पाठेघरको मुखको क्यान्सरबाट कसैले ज्यान गुमाउनु नपर्ने र त्यसैका निम्ति यो खोप अभियान सुरु गरेको पौडेलले बताए।

अहिले खोप अभियानमा सहभागीभन्दा माथिल्लो उमेर समूहलाई पाठेघरको मुखको क्यान्सर पहिचान गर्न स्क्रिनिङ गर्ने र जसमा क्यान्सर देखिन्छ उनीहरूको उपचार गर्ने पौडेलले जनाए।

क्यान्सर लागेको पत्ता लागिसकेकाहरूका लागि उपचार सर्वसुलभ गराउने र उपचार नसक्नेहरुका लागि निःशुल्क गराउने तयारी भइरहेको पौडेलको भनाइ थियो।

अबको केही हप्तामा क्यान्सरका बिरामीलाई दिने किमोलाई निःशुल्क गर्नेगरी व्यवस्था गरिने बताएका छन्। 'किमो गर्न असाध्यै महंगो भएको, औषधि अत्यन्तै अनियन्त्रित रहेको, जति पैसा लिए पनि हुनेजस्तो स्थिति बनेको छ,' स्वास्थ्यमन्त्री पौडेलले भने-'त्यसैले यसलाई व्यवस्थित गर्दै सर्वसुलभ र निःशुल्क गर्ने प्रक्रियामा हामीहरू लागिरहेको स्थिति छ।'

उनले क्यान्सर नियन्त्रण रणनीति पास गरिसकेको र अब कार्यान्वयन गर्दै लैजाने जानकारी दिए। अहिले देशभरका ८ हजार २ सय विद्यालयमा खोप केन्द्र स्थापना गरी खोप लगाउन ५४ हजार जनशक्ति परिचालन गरिएको स्वास्थ्यमन्त्री पौडेलको भनाइ छ।



अहिले आफूहरूले उपचार प्रणालीमा काम गरिरहेको र अब निरोधात्मक प्रणालीमा पनि काम गर्ने स्वास्थ्यमन्त्री पौडेलको भनाइ छ। स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउँदै उपचार सर्वसुलभ गराउँदै लैजाने, नसक्नेलाई निःशुल्क बनाउने र विमालाई व्यवस्थित गर्दै योगदानमा आधारित बनाउँदै लैजाने पौडेलको प्रतिबद्धता थियो।

मेयर धनराज आचार्यले पोखराका २ सय ७५ विद्यालयमा खोप लगाउने व्यवस्था मिलाइएको जानकारी दिए। पोखरामा २३ हजार १० देखि १४ वर्षसम्मका नानीहरुलाई खोप लगाउने उनको भनाइ छ।

पोखरा वडा नम्बर १२ का अध्यक्ष सन्तोष बास्तोलाले नेपालमा भयावह रुपमा रहेको पाठेघरको मुखको क्यान्सर भविष्यमा न्यूनीकरण हुने बताए। उनले पोखरामा पनि स्वास्थ्यमन्त्रीबाटै खोप लगाउने अभियान सुरु भएको भन्दै यसलाई सबै परिवारमा सन्देश पुऱ्याउनुपर्ने र सबै नानीहरुको पहुँचमा पुऱ्याउनुपर्ने उल्लेख गरे।

## सुर्तीजन्य पदार्थमा शत प्रतिशत चेतावनीमूलक सन्देश छाप्नुपर्ने निर्देशिका स्वीकृत

काठमाडौँ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले क्यान्सर नियन्त्रणका लागि भन्दै सुर्तीजन्य पदार्थको अगाडि र पछाडिको पूरै भागमा चेतावनीमूलक सन्देश अनिवार्य गर्ने निर्देशिका स्वीकृत गरेका छन्।

यसअघि भएको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्थामा संशोधन गर्दै मन्त्री पौडेलले सुर्ती तथा चुरोटलगायतका पदार्थको अगाडि र पछाडिको शत प्रतिशत भागमा यस्तो चेतावनी छाप्नुपर्ने निर्देशिका स्वीकृत गरेका हुन्।

'क्यान्सरको उपचार मात्र हैन रोकथामका उपायको खोजी हाम्रो प्राथमिकता हो,' मन्त्री पौडेलले भने-'चुरोट र सुर्तीजन्य पदार्थको प्रयोग घटाएर नागरिकको जीवनरक्षा गर्न यस्तो निर्णय गरेका हौं।'

यस्ता चेतावनीमूलक सूचनाले सुर्ती तथा चुरोट छाड्नेको संख्या वृद्धि हुने अध्ययनहरूले देखाएका छन्।

नेपालमा हरेक वर्ष ३७ हजारको सुर्ती तथा चुरोट सेवनबाट ज्यान जाने गरेको मन्त्रालयको तथ्यांकमा छ। सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल प्याकमेजिंगमा सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०८१ स्वीकृत भए पछि अब चुरोट र सुर्तीको अगाडि र पछाडिको पूरै भागमा प्रयोगले पार्ने असरसम्बन्धी चेतावनीमूलक चित्र छापिनेछ।

## संसदमा अनिवार्य उपस्थित हुन निर्देशन



बुटवल। बिहीबार राष्ट्रिय सभाको बैठकमा अनिवार्य उपस्थितिका लागि राजनीतिक दलहरूले सांसदलाई निर्देशन गरेका छन्।

राष्ट्रिय सभामा सत्तापक्ष र प्रतिपक्ष दुवैतिर उस्तै संख्या छ। यस्तो अवस्थामा अध्यादेशहरू निर्णयार्थ पेस गर्न लागिएकाले दलहरूले आ–आफ्ना दलका सांसदलाई सभाको बैठकमा अनिवार्य उपस्थिति हुन निर्देश गरेका हुन्।

राष्ट्रिय सभामा रहेका दलका प्रमुख सचेतक र सचेतकले म्यासेज र टेलिफोनबाटै सांसदहरूलाई काठमाडौं भए नछाड्न र बाहिर भए बुधबार बेलुकीसम्म आइसक्न भनेका छन्।

५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेस १६, नेकपा एमाले १० र लोकतान्त्रिक समाजवादी पार्टी १ गरेर सत्तापक्षतर्फ २७ जना सांसद छन्। मनोनीत सांसद डा. अन्जान शाक्य नेकपा एमाले समर्थित हुन्। उनलाई जोड्दा सत्तापक्षको सांसद संख्या २८ पुग्छ। अर्का मनोनित सांसद बामदेव गौतमले पनि अध्यादेश स्वीकृतिका लागि मत दिँदा २९ पुग्छ।

विपक्षमा पनि उस्तै मत छ। माओवादी केन्द्र १७, नेकपा एकीकृत समाजवादी ८ र राष्ट्रिय जनमोर्चा १ गरेर २६ जना सांसद विपक्षी मोर्चामा छन्।

राष्ट्रिय सभामा तीन जना सांसद रहेको जनता समाजवादी पार्टी नेपाल भने निर्णयमा पुगिसकेको छैन।

राजकिशोर यादवको नेतृत्वमा कार्यदल बनाएर अध्यादेशको अध्ययन गरिरहेको छ। जसपा नेपालको संसदीय दलको बिहीबार बिहान बस्ने बैठकले निर्णय गर्ने बताइएको छ। उक्त बैठकबाट निर्णय लिइने जसपा नेपालका नेताहरूको भनाइ छ।

## वडाध्यक्ष एमालेबाट निष्काशित

दाङ। नेकपा एमालेले घोराही उपमहानगरपालिका–८ का वडाध्यक्ष जितेन्द्र शाहलाई पार्टीबाट निष्कासन गरेको छ।

बुधबार बसेको दोस्रो पूर्ण बैठकले शाहले पार्टी विरोधी गतिविधि काम गरेकाले निष्कासन गरेको एमाले दाङका सचिव श्याम डाँगीले जानकारी दिए। शाह अघिल्लो स्थानीय तहको निर्वाचनमा एमालेका तर्फबाट निर्वाचित वडाध्यक्ष हुन्।

सचिव डाँगीका अनुसार, शाहमाथि फेसबुकमा एमाले र नेतृत्वविरूद्ध जथाभावी लेख्दै आएका थिए। अब उनलाई वडाध्यक्षबाट बरखास्तका लागि पनि प्रक्रिया अघि बढाइने छ।

## एआइबाट देवीदेवताको फोटो नबनाउन आग्रह



बुटवल। पुरातत्व विभागले आर्टिफिसियल इन्टिलिजेन्स प्रविधिबाट धार्मिक आस्थाविपरीत देविदेवताको फोटो, भिडियो पोस्ट नगर्न सूचित गरेको छ।

विभागले एक सूचना निकाल्दै धार्मिक सम्पदाहरुको मूल्य मान्यतामा गम्भीर असर पर्ने गरी टिकटक, सामाजिक सञ्जालमा देवीदेवताको तस्विर एआई प्रविधि प्रयोग गरी धार्मिक आस्था माथि ठेस पुऱ्याउने खालका फोटो तथा भिडियो बनाएर पोस्ट नगर्न भनेको हो।

धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाले सिंगारिएको देश भए पनि नेपालमा पछिल्लो समयमा सञ्चार प्रविधिको दुरुपयोग गरी विभिन्न माध्यमबाट उच्छृंखल काम भइरहेको प्रति विभागले ध्यानाकर्षण गराएको छ।

## थुनछेक बहस नसकिएपछि रवि हिरासतमा



बुटवल। सहारा चितवन सहकारी ठगीको अभियोगमा थुनछेक बहस नसकिएपछि राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति रवि लामिछानेलाई हिरासतमा पठाइएको छ।

न्यायाधीश दयाराम ढकालको इजलासले उनलाई प्रहरीको जिम्मा लगाउने आदेश गरेको हो।

उनलाई बिहीबार बिहान १० बजे अदालतमा उपस्थित गराउन भनिएको छ।

यसअघि थुनछेक बहस हेर्दाहेर्दैमा हुँदा कास्की र काठमाडौं अदालतले उनलाई हिरासतमा राख्ने आदेश दिएका थिए। रुपन्देहीमा भने पत्नीको जिम्मामा पठाइएको थियो। यी तीनवटै अदालतबाट उनी धरौटीमा रिहा भएका थिए। चितवनमा रविसहित ३२ जनालाई प्रतिवादी बनाउँदै मंगलबार दोस्रो चरणको अभियोगपत्र दर्ता भएको थियो। अभियोग दर्ता भएको भोलिपल्टै उनी अदालतमा हाजिर भएका थिए।

यस मुद्दाका अरू धेरै प्रतिवादी फरार छन्। केही थुनामा भए पनि थुनछेक बहस रविबाटै सुरु भएको हो।चितवनमा रविलाई सहारा सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गरेको आरोप छ। गोर्खा मिडिया नेटवर्कबाट सहकारीको १० करोड ८० लाख १ हजार १५१ रुपैयाँ ६ पैसा अपचलन गरेको अभियोग छ। यसमा रवि, छवि, जीबी र कुमार रम्तेलको संलग्नता रहेको दाबी छ।

उनीसहित २० जनालाई ठगीमा प्रतिवादी बनाइएको छ। अरु १२ जनालाई मात्रै संगठित अपराधमा पनि प्रतिवादी बनाइएको छ।

» बाँकी ३ पेजमा

**देवदह नगरपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

**अनुरोधक :**

**कृष्ण प्रसाद सापकोटा** प्रमुख प्रशासकीय अधिकृत
**विद्यालक्ष्मी गुरुङ्ग** उप-प्रमुख
**ध्रुव प्रसाद खरेल** नगर प्रमुख

**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
केरवानी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

# सम्पादकीय

## भैरहवाको शान महेन्द्र सभागृह

महेन्द्र सभागृह भैरहवाको शान हो। कुनै पनि सहरमा रहेका सभाहल, नाट्यशाला, पुस्तकालय, मठमन्दिर, हाटबजारले सहरको गरिमा राखेका हुन्छन् । शहरमा व्यवस्थित सडक, खानेपानी, खेलमैदानलगायतका पूर्वाधार भएर मात्रै हुँदैन। सभाहल, पुस्तकालय, कला संस्कृति झल्किने संरचनाले सहरलाई उज्यालो बनाउँछन् ।

भैरहवामा जब महेन्द्र सभागृह बन्यो, यहाँ धेरै राष्ट्रिय अन्तर्राष्ट्रिय सेमिनार र गोष्ठी भए। सहरलाई गुल्जार बनाउन सघाउ पुग्यो । भैरहवाको शान महेन्द्र सभागृहको उद्घाटन २०४६ सालमा राजा वीरेन्द्रले गरे । नगरको शान भए पनि सञ्चालन गर्न नगरपालिकालाई हम्मे हम्मे भयो । सभागृहमा कार्यक्रम गर्ने, तर शुल्क नतिर्ने प्रवृत्तिले घाटामा नगरपालिकाले चलाउन सकेन्। बन्द भएको सभागृह चलाउने गरी पटवा टेन्ट हाउसका सञ्चालकले १० वर्षअघि २० वर्षको सम्झौता गरे। महेन्द्रसभा गृहमा पार्टी प्यालेस चलाउन करोडौं लगानी गरेको पटवा टेन्ट हाउसले सभागृह चलाउन चासो दिएन् । सम्झौता पालना गरी सभागृहमा व्यापार गरेको बारे हामीले निरन्तर समाचार लेख्यौं। हामीले निरन्तर खबरदारी गरेकै कारण आज सभागृह चल्ने विन्दुमा आइपुगेको छ। सभागृहको मर्मत भएको छ। पूराना संरचना हटाएर नयाँ संरचना राखिएको छ। सभागृह आकर्षक भएको छ।

सहरको शान सभागृहलाई कुनै निजी कम्पनीलाई भाडामा दिएर नगरपालिकाले गल्ती गऱ्यो। त्यसपछि अर्को गल्ती सहमति पालना नगर्दा समेत कुनै कारबाही गर्न चासो दिइएन्। कतिपय संरचना नाफा र घाटाको कोणबाट मात्रै हेर्नुहुँदैन । आर्थिक नाफा र घाटाभन्दा बेग्लै प्रतिष्ठाका संरचनालाई सञ्चालन गर्न जिम्मेवार निकायमा बसेकाले विवेक प्रयोग गर्नुपर्छ।

शहरको शान जोगाउन सक्दा मात्रै हो, शहर हेर्नलायक, घुम्नलायक र अरुका लागि आकर्षक बन्ने। शहरको पहिचानलाई बेवास्ता गर्दा शहर कुरूप बन्छ। भैरहवा पर्यटकीय नगर हो। गौतमबुद्ध विमानस्थल र बेलहिया नाकामार्फत् कनेक्टिभिटी विस्तार गरेर भैरहवाले अब्बल सावित गरेको छ । शहरको शानलाई बचाऔं, चलाऔं।

# सामाजिक सञ्जाल विधेयक : समस्या कहाँ हो ?



बबिता बस्नेत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मस्यौदा गरी सरकारको तर्फबाट २०८१ साल माघ १५ गते राष्ट्रिय सभामा दर्ता भएको 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक' अहिले ब्यापक चर्चामा छ। यसको चर्चा ब्यापक हुनुमा तीनवटा प्रमुख कारण रहेका छन्, पहिलो- विभिन्न कसूरमा तोकिएको सजाय, दोश्रो- सामाजिक सञ्जालको परिभाषा र, तेश्रो- कतिपय विषयमा नगरिएको परिभाषा।

नेपालमा साइबर अपराधसम्बन्धी कानूनको माग भइरहँदा सामाजिक सञ्जालसम्बन्धी विधेयक आएको छ। यसअघि सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० ल्याएको थियो, जुन निर्देशिकाको अलिकति पनि कार्यान्वयन भएन। खासमा पहिला ऐन ल्याएर निर्देशिका बनाउनुपर्नेमा ऐनबिना नै निर्देशिका ल्याइएको थियो । जसमा सामाजिक प्लेटफर्मको सूचीकरणको बारेमा उल्लेख गरिएको थियो।

निर्देशिकामा उल्लेख 'सामाजिक सञ्जाल प्लेटफर्म' भन्दा बढि गोलमोटल भएर यो विधेयकमा प्लेटफर्मको परिभाषा आएको छ । विधेयकमा 'प्लेटफर्म भन्नाले इन्टरनेट प्रयोगकर्ता व्यक्ति-व्यक्ति, व्यक्ति र समूह वा संस्था वा संस्थाकासबिच विचार वा जानकारी आदानप्रदान गर्न वा सामाजिक अन्तर्क्रया गर्न सकिने गरी विद्युतीय प्रविधिको माध्यमद्वारा साइबर स्पेसमा सिर्जना गरिएको एप, वेबसाइट, ब्लग, एआई टुल्स वा यस्तै प्रकृतिका सार्वजनिकरूपमा उपलब्ध सामाजिक सञ्जाल' भनिएको छ । यो परिभाषा अलि नमिल्दो छ, वेबसाइट, ब्लग सबैलाई एकै ठाउँ राखिएको छ। निर्देशिकामा ठुला र साना सामाजिक सञ्जाल भनी उल्लेख गर्दै एक लाखभन्दा कम प्रयोगकर्ता भएका सञ्जाललाई साना र एक लाखभन्दा बढि प्रयोगकर्ता भएकालाई ठुला सामाजिक सञ्जालका रूपमा राखिएको थियो । तर, अहिलेको विधेयकमा सबैलाई एकै ठाउँ राखिएको छ।

विधेयकमा सामाजिक सञ्जाल हेर्नका लागि एउटा विभागको परिकल्पना गरिएको छ, जसमा प्लेटफर्महरू दर्ता हुनुपर्नेछ । दर्ता नभएमा विभागले सञ्जाललाई प्रयोगमा रोक लाउन सक्ने व्यवस्था गरिएको छ। जुन व्यवस्थाको परिकल्पना वि.सं. २०७५ मा गोकुल बासकोटा सञ्चारमन्त्री हुँदा मस्यौदा गरिएको 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा गरिएको थियो । नेपालमा सामाजिक सञ्जालको दर्ताको परिकल्पना सोही विधेयकले पहिलोपल्ट गरेको हो। २०७५ साल चैत १८ गते संसद्को 'विकास तथा प्रविधि समिति'ले 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई लिएर गरेको छलफल कार्यक्रममा तात्कालिन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले सामाजिक सञ्जाल दर्ताको व्यवस्था विधेयकमा गरिएको बताउँदा सहभागीहरूले उहाँलाई ब्यङ्ग्य गरेका थिए, उक्त माहोलको साक्षी यो पङ्क्तिकार पनि थियो। सहभागीको रूपमा साक्षीमात्रै नभइ मन्त्रीलाई प्रश्न गरेकी थिएँ- 'सामाजिक संजाल दर्ता गर्नुपर्ने कानून त हामीले ल्याउन लाग्यौं तर भोलि फेसबुक, ट्वीटरलगायतले नेपालमा दर्ता हुन मानेन या वास्तै गरेनन् भने हामीले सोसियल मिडिया नचलाउने ? सामाजिक संजाल दर्ता गर्ने कुरा कतिको व्यवहारिक छ?'

त्यतिबेला 'सञ्चारमन्त्री बासकोटाले सामाजिक सञ्जाल बन्द गर्न लागे' भन्ने हल्ला पनि फैलिएको थियो। उहाँको ब्यापक आलोचनाचाहिँ कसूर सजायमा भारी रकम राखियो भनेर भएको थियो। कसूर सजायको रकम र कैद सजाय दुवै उक्त विधेयकमा भन्दा अहिलेकोमा बढी छ। त्यतिबेलाको विधेयक समग्र साइबर अपराधलाई समेटेर आएको थियो, अहिले चर्चामा रहेको विधेयक सामाजिक सञ्जालमा मात्रै केन्द्रित छ।

सामाजिक सञ्जाललाई नियमन गर्ने कानून आवश्यक छ तर नियन्त्रण गर्ने कानून ल्याउँदा धेरैपल्ट सोच्नुपर्ने हुन्छ । नेपाली जनताले ठुलो लडाइँ लडेर ल्याएको अभिब्यक्ति स्वतन्त्रतालाई हस्तक्षेप गर्ने भएकाले नियन्त्रणमुखी कानुन ल्याउनु प्रजातन्त्रको मूल्य, मान्यता र हाम्रो संविधानको मर्मविपरीत हुन्छ । नियमनको अर्थ नियमअनुसार परिचालन हुने कुरा हो भने नियन्त्रणको अर्थ आफ्नो वशमा राख्ने काम । प्रज्ञा नेपाली बृहद शब्दकोषले शक्ति प्रयोगबाट हुने अशान्त स्थितिको दमनलाई नियन्त्रण भनी परिभाषित गरेको छ। सामाजिक सञ्जालका हकमा अहिले हामीलाई चाहिएको नियमनकारी कानुन हो न कि नियन्त्रणमुखी। अहिलेको कानुनमा जे-जस्ता कसूरका व्यवस्था उल्लेख गरिएको छ त्यसले नियमन नभइ नियन्त्रण गर्न खोजेको स्पष्ट हुन्छ।

विधेयकमा हेट स्पीचलाई लिएर 'पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिभिङ्ग, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सन, लाइक' सबैलाई उस्तै सजायको व्यवस्था गरिएको छ। ५ वर्ष कैद र ५ लाख जरिवाना तोकिएको 'पोष्ट' र 'लाइक'को सजाय एउटै कसरी हुन्छ ? कमेन्टमा पनि कस्तो कमेन्ट भनेर छुट्याउनुपर्ने हुन्छ। यो विधेयकअनुसार त कसैले लेख्न नमिल्ने कुरा सामाजिक सञ्जालमा लेख्यो भने 'यो तिमीले गलत लेख्यौ' भनेर कमेन्ट गर्न मिल्दैन, किनभने कस्तो कमेन्ट भनेर उल्लेख गरिएको छैन। हेट स्पीचमा सजायको व्यवस्था गर्नु नराम्रो होइन तर कसलाई गर्ने भन्ने महत्वपूर्ण हो। प्रायः 'हेट स्पीच'को सवालमा कतिपय मुलुकमा 'फस्ट ओरिजिनेट' भन्ने शब्द राखिएको हुन्छ। पहिलोपल्ट त्यो कसले निर्माण गऱ्यो र पोष्ट गऱ्यो ? त्यसलाई सजायको भागिदार बनाइन्छ। लेख्ने र कमेन्ट या लाइक गर्नेलाई समान सजाय गर्नु सही हुँदैन।

कतिपय विषयहरू क्षमायाचना गरे दिन मिल्ने हुन्छन्, ५ लाख, १५ लाख सजाय तोक्दा मानिसहरू बोल्न/लेख्न डराउँछन्। लाइक र कमेन्टमै भारी सजाय राख्नु नागरिकलाई 'तिमीहरू राज्यले मननपराउने कुरामा नबोल, नलेख' भन्नु हो। यो कानून जस्ताको तस्तै पास भयो भने नागरिक स्तरमा 'सेल्फ सेन्सरसीप'को अभ्यास सुरु हुनेछ। हुनुपर्ने चाहिँ 'सेल्फ रेगुलेशन' हो न कि सेल्फ सेन्सरसीप ! सामाजिक सञ्जाल नागरिक खबरदारीको ठाउँ पनि हो । हिजो मानिसहरू चौतारामा, चौरमा आमसभा, कोण सभाहरू गरेर सरकार र शासकहरूको निगरानी गर्थे आज यो खबरदारी गर्ने ठाउँ सामाजिक सञ्जालले लिएको छ। हामीकहाँ व्यक्तिगत गोपनीयताको हकसम्बन्धी कानून छ, ब्यक्तिगत मुद्दामा उक्त कानूनको प्रयोग गर्न सकिन्छ। खासमा वैयक्तिक गोपनीयतासम्बन्धी कानूनको प्रयोग नै भएको छैन । नाम, बेनाम या छद्म नामको सवालमा मान्छेको भन्दा पनि इन्टरनेटको ठेगाना खोज्दा ठिक हुन्छ, कसले चलाइरहेको छ ? कसको नामबाट प्रयोग भइरहेको छ ? थाहा भइहाल्छ। व्यक्तिको नामको पछि धेरै नलाग्दा हुन्छ । कम्युनिष्ट पार्टीसँग आवद्ध सञ्चारमन्त्रीले यो विधेयक ल्याउनुभएको छ। विगतमा छद्म नाम प्रायः कम्युनिष्टहरूले नै प्रयोग गरेको देखिएको, सुनिएको, पढिएको छ।

सामाजिक सञ्जालका प्लेटफर्मको दर्ता स्वागतयोग्य छ। यदि सञ्जालहरू दर्ता प्रक्रियामा आएनन् भने के गर्ने ? भन्ने प्रश्न पनि त्यतिकै टड्कारो छ। भारतमा सरकारले तिमीहरू हाम्रो कानुनअनुरुप चल भन्यो उनीहरू दर्ता प्रक्रियामा आए, किनभने भारत उनीहरूको लागि ठुलो बजार हो। हाम्रो देश मेटा, गुगलहरूका लागि कत्तिको ठुलो बजार हो- त्यो उनीहरूले निर्क्योल गर्लान्। आह्वान गर्दा आएनन् भने हाम्रो नीति के हुन्छ ? त्यो पनि सोच्नुपर्ने हुन्छ। उदाहरणका लागि यो विधेयक पास भएर कानुन बनेपछि मानौं फेसबुकले हामी त दर्ता हुँदैनौं भन्यो भने के हामी फेसबुक बन्द गर्न सक्छौं ? ट्वीटर, टीकटकलगायतका अन्य सञ्जालमा पनि यो लागु हुन्छ।

मुलुकमा डिजिटल हिंसाको अवस्था के-कस्तो रहेछ भन्ने बुझ्नका लागि यो पङ्क्तिकार पहिलोपल्ट २०७८ साल मंसिर १० गते काठ्माडौंको रत्नपार्कस्थित नेपाल प्रहरीको साइबर ब्युरोमा पुग्दा आफूमाथि साइबर अपराध भएको भनी उजुरी गर्नेहरूको लाइन थियो । साइबर ब्युरोका अनुसन्धान अधिकृतलाई तपाईंहरूलाई अनुसन्धानमा सहयोग पुऱ्याउनका लागि के कुराको आवश्यकता छ ? भनेर सोधेकी थिएँ। जवाफमा उहाँले 'हाम्रो देशमा सामाजिक सञ्जालको कार्यालय नभइभएन' भन्नुभयो। उहाँले थप भन्नुभयो- 'फेसबुकको अफिस अमेरिकामा छ, टीकटकको अफिस चीनमा छ, कुनैपनि सामाजिक संजालका कार्यालय नेपालमा छैनन्। फेसबुकबाट धेरै उजुरी पर्छन्, हामी अमेरिका पठाउँछौं, उनीहरूले २५ दिनभित्र हामीलाई जानकारी पठाउँछन्, विषयबस्तुको संवेदनशीलता हेरेर कहिलेकाहीँ चाँडै पनि पठाउँछन्, तर उनीहरूको नियमअनुसार २५ दिनसम्म उनीहरूले लिन पाउँछन, यता हाम्रो हदम्याद ३५ दिनको छ । यदि नेपालमा सामाजिक सञ्जालका कार्यालय भएका भए हामी तत्कालै छानवीन गरेर कार्वाही प्रक्रिया अघि बढाउन सक्थ्यौं। उनीहरूले सूचना तथा जानकारी पठाउन ढिलो गरे हामी आफैं गएर छानविन गर्न सक्थ्यौं।'

सामाजिक सञ्जाल दर्ता नहुँदा एकातिर अनुसन्धानमा कठिनाई भइरहेको छ भने अर्कातिर सामाजिक सञ्जालमार्फत् विदेशिने गरेको ठुलो धनराशि ट्याक्सको दायरामा आउँछ । त्यसैले पनि सामाजिक सञ्जालको दर्ता आवश्यक छ। भारतमा सरकारले आह्वान गरेपछि दर्ता प्रक्रियामा आएझैं आशा गरौं नेपालमा पनि ती आउनेछन् । तर विधेयकमा रहेका कतिपय प्रावधानले सञ्जाल प्लेटफर्महरूलाई थप शक्तिशाली बन्न प्रेरित गर्न सक्छ। त्यसैपनि फेसबुकले हिजोआज अलिकति शब्द तलमाथि भयो या दुई/चार जना मिलेर रिपोर्ट हाल्यो कि लेख, समाचारलगायतका सामग्रीहरू हटाउने गरेको छ। ब्यक्तिका लागि मात्र नभइ यस्ता प्रावधानले मिडियालाई पनि ठुलो असर पर्छ । साथै राजनीतिकर्मीहरूलाई त झनै असर गर्छ। अहिले सरकारमा हुँदा सामग्रीमा जति बन्देज लायो त्यति राम्रो जस्तो उहाँहरूलाई लाग्नसक्छ, तर सरकारमा सधैँ बसिँदैन र जब प्रतिपक्षमा आइन्छ, संसार अर्कै झैँ लागेर अहिलेका प्रावधानहरू गलत लाग्न थाल्नेछन्। त्यसैले राजनीतिकर्मीहरू विशेषगरी प्रजातन्त्र, प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका हिमायती नेपाली काङ्ग्रेसका नेता तथा सांसदहरूले यो विधेयकलाई व्यापक छलफल, बहसमा नल्याइ र संशोधन नगरी पास गर्न मिल्दैन।

विधेयकमा भएका कतिपय प्रावधानहरू राम्रा छन्। आइडी तथा सूचना ह्याक गर्ने, डीपफेक भिडियो लगायतका कुराहरूमा यस्तो गर्न हुँदैन भनी महसूस गर्ने खालकै सजाय कसूर राख्नुपर्ने हुन्छ। तर भ्रामक, मिथ्या सूचनामा लाइक, कमेन्ट गर्दा हुने सजाय धेरै भयो । कतिलाई आफूले हेरेको, पढेको कुरा भ्रामक या मिथ्या हो कि होइन थाहा नपाइ लाईक, कमेन्ट गरेको हुनसक्छ। यस्ता प्रावधानले निर्दोष मानिसहरू आफूले अन्जानवश गरेको गल्तीले ठुलो सजायका भागीदार बन्न सक्छन् । त्यसैले सामाजिक सञ्जालसम्बन्धी विधेयकमा ब्यापक छलफल र बहस गरौं । समाजिक सञ्जालको नियमन आवश्यक छ, नियन्त्रणका प्रावधानहरू हटाइ नियमनका प्रावधान राखौं । नेपाली काङ्ग्रेस मात्र होइन कुनै पनि पार्टी सत्तामा हुँदा यस्तो कानुन बन्न मिल्दैन, त्यसैले पास गर्नुअघि धेरै कोणबाट सोचेर संशोधन गरौं।

घटना र विचारबाट

# नेप्सेमा सामान्य अङ्कको गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक चार दशमलव ४५ अङ्कले घटेर दुई हजार सात सय ११ दशमलव ४५ को बिन्दुमा कायम भएको हो।

तीन सय नौ कम्पनीको एक करोड ९१ लाख ८१ हजार चार सय १४ कित्ता शेयर ९० हजार सात सय ५२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९५ करोड ८० लाख सात हजारको कारोबार भएको छ। कारोबारमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र छ्याङदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

नेपाल रिइन्स्योरेन्क कम्पनी लिमिटेडको आज सबैभन्दा बढी रु ३३ करोड ७६ लाख ३९ हजारको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको आठ लाख नौ हजार एक सय ९० कित्ता शेयर किनबेच भएको छ। कारोबारपछि कूल बजार पुँजीकरण रु ४४ खर्ब ९८ अर्ब ७१ करोड ५९ लाख बराबर पुगेको छ।

# जाडोमा हात गोडा, औंला किन सुन्निन्छ ? कसरी जोगाउने ?

जाडोमा छालाको आर्द्रता (मोइस्चर)मा कमी हुने गर्छ। त्यसैले प्रायः मानिसमा छाला सुख्खा हुने समस्या हुन्छ। जाडोमा छाला सुख्खा हुनुमा शरीरको तापक्रम र वातावरणको तापक्रमसँग अन्तर सम्बन्धित हुन्छ। शरीरको तापक्रमभन्दा वातावरणको तापक्रम कम भएमा शरीर उक्त तापक्रमसँग समायोजित हुन खोज्छ। शरीर भित्र रहेको तापलाई बाहिर फाल्न थाल्छ। त्यसले तापसँगै शरीरमा पानीको मात्रा घट्न थाल्छ र छाला सुख्खा हुन्छ। छालामा आएको सुख्खापनका कारण छाला चिलाउने, रातो डाबर आउने, पोल्ने जस्ता समस्या देखिन्छन्। जसलाई डर्माटाइटिस भनिन्छ।

कुनै डर्माटाइटिस हुने कारण छालाको सुख्खापन मात्रै होइन। छालामा हुने एक प्रकारको रोग सोराएसिसले पनि हुन्छ। सोराएसिस जिनको खराबीको कारणले देखिने रोग हो। यो एक प्रकारको अटोइम्युन डिजिज पनि हो। मोटो मानिसमा तुलनात्मक रुपमा यो समस्या बढी देखिने गर्छ। जाडोमा सोराएसिसको समस्या बढ्ने गरेको पाइन्छ। पछिल्लो समय यस समस्याका लागि विभिन्न प्रकारका बायोलोजिकल इन्जेक्सनहरुको समेत प्रयोग हुने गरेको छ। यो जिनको खराबीका कारण हुने समस्या भएकोले खानपिनमा विशेष ध्यान दिनु आवश्यक छ।

छाला रातो हुने, दाद जस्तो देखिने, सुक्खापन हुने र छालामा कत्ला देखिने समस्या हो। सुगर, थाइरोइड सम्बन्धी समस्या भएकाहरुमा यस्तो समस्या बढी देखिन्छ। जाडोमा धेरैलाई चाया-पोतोको समस्या देखिने गर्छ। जाडोमा छाला सुख्खा भएका कारणले चाया-पोतो आउने गर्छ।

**जाडोमा छालाको स्याहार कसरी गर्ने ?**

- जाडोमा मौसममा अत्यधिक तातोपानीले नुहाउने बानी धेरैको हुन्छ। यसरी धेरै नै तातोपानीले नुहाउँदा छाला एकदमै सुख्खा हुने गर्छ।

- जाडोको समयमा बाक्लो खालको मोस्चराइजर क्रिमको प्रयोग गर्नुपर्ने हुन्छ। यस्ता मोस्चराइजरले शरीरमा पानीको मात्रालाई नियन्त्रणमा राखिरहन्छ।

-नुहाइसकेपछि तुरुन्तै मोस्चराइजर क्रिम वा तेल लगाउनुपर्छ, जसले छालालाई सुख्खा हुनबाट केही मात्रामा बचाउँछ।

- बढी जाडो भयो भन्दैमा हिटरको नजिक धेरै समय बस्नु हुँदैन। कोठालाई न्यानो बनाउनका लागि भेन्टिलेसन भएको कोठाको कुनै कुनामा हिटर बाल्न सकिन्छ।

- जाडो छ भन्दैमा सन्सक्रिमको प्रयोग गर्न छोड्नु हुँदैन।

**जाडोमा हात, गोडा, औंला किन सुन्निन्छ ?**

जाडोमा केही मानिसमा हात-गोडा सुन्निने, एलर्जी हुने चाया-पोतो आउने जस्ता समस्या देखा पर्छन्। त्यसमध्ये चिलब्लेन्स वा पोर्नियो भन्ने समस्याले पनि जाडो महिनामा दुःख दिने गर्छ। यसमा हात-गोडा वा शरीरका बाहिरी अंग रातो हुने, सुन्निने, फोका उठ्ने, घाउ हुने जस्ता समस्या आउँछन्।

**कसरी जोगाउने ?**

चिसोबाट जोगिनु नै पहिलो उपाय हो। चिसोमा बाहिर निस्किनु परेमा गोडामा मोजा तथा हातमा पन्जा लगाउनुपर्छ। चिसोबाट आएपछि एक्कासि आगोमा हात-गोडा सेक्नु हुँदैन। यस्तो अवस्थामा रक्त सञ्चार बढाउन लागि हात-गोडालाई मालिस गर्नु राम्रो मानिन्छ। मनतातो पानीमा हात-गोडालाई डुबाउने तथा लोसन तथा तेलको प्रयोग गरी मालिस गर्नुपर्ने हुन्छ।

**चिसोमा किन बढी ओठ फुट्छ ?**

जाडो मौसममा छाला सुख्खा हुने कारणले ओठ फुट्ने गर्छ। बाहिरको मौसम बढी चिसो हुने भएकोले छालामा रहेका ग्रन्थीहरुले तेलको मात्रा कम निकाल्छ। जसले ओठ तथा कुर्कच्चा सुख्खा भएर फुट्छ।

**जोगिन के गर्ने ?**

- मह, घिउ, नरिवलको तेलको प्रयोग गर्ने।
- नियमित रुपमा पर्याप्त मात्रामा पानी पिउने।
- शरीरमा हावा छिर्ने भागमा चिल्लो पदार्थ दलेर नरम पार्ने।
- बाहिर निस्कनु अगाडि सधैं लिपबामको प्रयोग गर्ने।
- जाडोको समयमा क्रिम भएका सन्सक्रिमको प्रयोग राम्रो मानिन्छ।

**कस्तो खानेकुरा खाने ?**

- हरियो तरकारी तथा प्रोटिनयुक्त खानेकुराको प्रयोग गर्ने।
- सन्तुलित मात्रामा दूधजन्य पदार्थको सेवन गर्ने।
- प्रशस्त मात्रामा पानी पिउने।
- रातो मासु तथा अल्कोहलको सेवन बढी नगर्ने।
- ट्रान्स फ्याक्ट भएका खानेकुरा सेवन नगर्ने।
- बढी कार्बोहाइड्रेडको अधिक प्रयोग पनि छालाका लागि घातक हुन्छ।

*(डा.ढकाल वरिष्ठ छाला रोग विशेषज्ञ हुन्।)*

स्वास्थ्य खबरबाट

# मध्यपहाडी लोकमार्गको बागलुङखण्डमा ९० प्रतिशत काम सकियो



ढोरपाटन । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी लोकमार्गले बागलुङका दुर्गम बस्तीलाई छिचोल्दै पूर्वी रुकुम जोडिएको छ । पाँचथरको चियोभञ्ज्याङबाट बैतडीको झुलाघाटसम्म एक हजार आठ सय ७९ किलोमिटरमा फैलिएको लोकमार्गअन्तर्गत बागलुङमा एक सय ३५ किमी पर्दछ ।

विसं २०६४ देखि सुरु भएको आयोजनाको बागलुङ खण्डमा हालसम्म ९० प्रतिशत काम सम्पन्न भएको छ । लोकमार्गको सदरमुकाम खण्डमा विभिन्न संस्थाहरूको पहलमा साढे दुई दशक अगाडि ट्र्याक खुलेको थियो । पश्चिम बागलुङखण्डमा २०६४/६५ तिर मात्रै ट्र्याक खोलिएको थियो । आयोजना सुरु भएको १७ वर्ष बितिसक्दा पनि सम्पन्न नहुँदा लोकमार्ग छेउछाउका बस्तीका बासिन्दा समस्यामा छन् । करिब ९० प्रतिशत काम सकिएकाले बाँकी यथाशीघ्र सम्पन्न हुने मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी किरण सुवेदीले हालसम्म एक सय २२ किमी सडक कालोपत्र भएको बताउँदै अब १३ किमी कालोपत्र गर्न बाँकी रहेको जानकारी दिए । लोकमार्ग कार्यालयले विभिन्न खण्डमा काम गरिरहेको भन्दै निसीखोला गाउँपालिकाअन्तर्गतका १५ किमीमा काम सकेर सडक विभागलाई हस्तान्तरण गरिसकेको उनले बताए ।

उनका अनुसार बागलुङ बजारबाट बयलडाँडासम्मको पाँच किमी र बयलडाँडाबाट घोडाबाँधेसम्मको आठ किमीबाहेक सबै खण्ड कालोपत्र भइसकेको छ । पाँच किमी यसै वर्ष सम्पन्न हुने र बाँकी आठ किमी आगामी वर्षमा सक्नेगरी काम भइरहेको सूचना अधिकारी सुवेदीले जनाए ।

उनले भने- “बागलुङ खण्डमा पर्ने धेरै ठाउँमा सडक कालोपत्र भएर पुनः मर्मत पनि भइसकेका छन्, काम सकिएका खण्ड सडक विभागलाई हस्तान्तरण गर्न बाँकी छ, अब काम सकिने गतिमा छ । बिहुँ खण्डमा ठेक्का तोडेर पुनः लगाउँदा ढिला भएको हो, अबको एक वर्षमा सबै काम सकिने छ, काम सकिएपछि सबै खण्ड सडक विभागलाई हस्तान्तरण गर्नेछौं ।”

मध्यपहाडी लोकमार्गले नजोडिँदा बागलुङको सबैभन्दा विकट मानिने निसोखोला अहिले सुगम बनेको छ । निसीखोलावासीका लागि लोकमार्ग वरदान सावित भएको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताए । यो लोकमार्गले सिधैं प्रदेश राजधानी पोखरा र सङ्घीय राजधानी काठमाडौंसँग जोडेको उनको भनाइ छ ।

“विगतमा निसीखोला विकट हुँदा काम गर्ने कर्मचारी पनि आउन मान्दैनथे, यहाँका नागरिकले हप्ता दिन लगाएर जिल्ला सदरमुकाम पुग्नुपर्ने बाध्यता थियो, तर अहिले एकै दिनमा सदरमुकाम होइन राजधानी नै पुग्न सकिन्छ”, अध्यक्ष घर्ती मगरले भने-“सहज सडकको पहुँले यहाँको उत्पादन बजारीकरण गर्न र यात्रा गर्न टेवा पुऱ्याएको छ भने यस क्षेत्रका हजारौं नागरिकको जीवनस्तर पनि परिवर्तन ल्याएको छ ।”

मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङखण्ड भएर पश्चिम नेपालको पूर्वी रुकुम, पश्चिम रुकुम, जाजरकोट, डोल्पालगायत जिल्लाबाट दैनिक दर्जनौं रात्रि तथा दिवा बस सङ्घीय राजधानी काठमाडौंका लागि सञ्चालन हुन थालेका उनले जानकारी दिए ।

# बुटवलका थप ३१ स्थानमा हाइमाष्ट लाइट जडान



बुटवल । बुटवलको थप ३१ स्थानमा हाइमष्ट लाइट जडान गर्नका लागि काम सुरु भएको छ । बुटवल उप-महानगरपालिकाको एक करोड ३० लाख र संघीय सरकारबाट समपुरक अनुदानबाट प्राप्त ३ करोड ५१ लाख गरी करिव साढे चार करोड रकमबाट बुटवलका विभिन्न स्थानमा हाइमष्ट लाइट जडान गर्न थालिएको हो ।

उज्यालो सहरको नारा दिएर यसअघि बुटवलका विभिन्न स्थानमा हाइमष्ट लाइट जडान गरेको बुटवल उप-महानगरले थप ३१ स्थानमा हाइमस्ट लाइट जडान गर्ने कार्य सुरु गरेको हो । हाइमाष्ट लाइट जडानका लागि त्रिसन्धा सेफ स्टील्सले ४ करोड ४३ लाखमा ठेक्का लिएको छ ।

बुटवलको मुख्य चोकको रुपमा रहेको ट्राफिक चोकमा जडान गर्ने हाइमष्ट लाइटको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डे र उप प्रमुख सावित्रादेवी अर्यालले सयुंक्त रुपमा शिलान्यास गरेका हुन् ।

शिलान्यास समारोहमा बोल्दै नगरप्रमुख पाण्डेले अब बुटवलको सौन्दर्यकरण र रातीको समयमासमेत उज्यालो सडक बनाउने अभियान सुरु भएको बताए ।

उनले बुटवलको सौन्दर्यकरण र व्यवस्थित शहकरीकरणका लागि सबैको साथ रहेको बताउँदै उनले बुटवलका विभिन्न स्थानमा सार्वजनिक सौचालय, सिसिटिभी क्यामराको जडान, प्रतिक्षालय र व्यवस्थित सडकको निर्माण गरिने बताए ।

पाण्डेले बुटवलको योगिकुटी, राजमार्ग चौराह, अस्पताललाइन र गोलपार्कमा ट्राफिक लाइट जडान गर्ने प्रक्रिया सुरु भएको पनि जानकारी दिए ।

# नवलपुरमा नौ करोडको सुन्तला उत्पादन

नवलपुर । यस वर्ष नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा रु नौ करोड बराबरको सुन्तला उत्पादन भएको छ । जिल्लामा सुन्तला लगाउने क्षेत्रफल बढेसँगै गत वर्षभन्दा उत्पादनमा वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले गत वर्ष रु सात करोड १८ लाखको सुन्तला उत्पादन भएको बताए ।

जिल्लाको पहाडी क्षेत्रमा अमिला जातका फलफूलको जोन लागू भएपछि सुन्तला खेती गर्ने किसान र खेती गरिने क्षेत्रफलमा वृद्धि भएको उनको भनाइ छ ।

गत वर्ष कूल दुई सय २६ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएकामा एक सय ४१ हेक्टर क्षेत्रफलबाट मात्रै आम्दानी लिन थालिएको थियो । “अघिल्लो वर्ष जिल्लामा एक हजार दुई सय २७ मेट्रिक टन मात्रै सुन्तला उत्पादन भएकोमा यस वर्ष एक हजार चार सय १४ मेट्रिक टन सुन्तला उत्पादन भएको छ”, सूचना अधिकारी काफ्लेले भने-“यस वर्ष जिल्लामा सुन्तला खेतीको क्षेत्रफल बढेर दुई सय ५६ हेक्टर पुगेकामा एक सय ६१ हेक्टरमा सुन्तला उत्पादन हुन थालेको छ ।” जिल्लामा बर्सेनि सुन्तला उत्पादन हुने क्षेत्रफल वृद्धि हुँदै गइरहेको छ ।

“जोन लागू भएपछि किसानले बिरुवामा अनुदानसहित यान्त्रिक तथा प्राविधिक सहयोग पाउने गरेका छन्”, उनले भने- “यसै कारण पहाडी क्षेत्रमा अन्य खेतीबाट खासै उत्पादन नहुने भएकाले किसानहरु सुन्तला खेतीतर्फ आकर्षित भएका हुन् ।”

जिल्लाको बौदिकाली र बुलिङटार गाउँपापलिका तथा गैंडाकोट नगरपालिकाको वडा नम्बर १८ मा व्यावसायिक रुपमा सुन्तला खेती गरिँदै आएको छ । जिल्लामा तीन हजार दुई सय किसानले सुन्तला खेती गर्दै आएका सूचना अधिकारी काफ्लेले जानकारी दिए ।

# पर्यटन प्रवर्द्धनका लागि ‘टुर दि ठाकुरद्वारा’

नेपालगञ्ज । बाँके र बर्दियाको पर्यटन प्रवर्द्धनका लागि नेपालगञ्जबाट सुरु हुन लागेको साइक्लिङ कार्यक्रमको सबै तयारी पूरा भएको छ ।

‘टुर दि ठाकुरद्वारा’ नाम दिइएको नेपालगञ्ज साइक्लिङ फेस्टिभलका लागि झापा, धरान, बुटवल, भैरहवा, दाङ, चितवन, काठमाडौं, ललितपुर भक्तपुर, पाल्पा विराटनगरलगायतका भारतका विभिन्न सहर, जापान र कोरियाबाट साइक्लिङ कार्यक्रममा १९६ जना सहभागी हुने नेपालगञ्ज साइक्लिङ क्लबका अध्यक्ष प्रदीप सापकोटाले जानकारी दिए ।

आगन्तु पाहुनाका लागि आवास र खानाको लागि सबै प्रबन्ध गरिएको जानकारी दिँदै उनले बाँके र बर्दियाका सबै पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्नुका साथै उनीहरुलाई ती स्थानको जानकारी दिइने बताए । सातौं संस्करणको रुपमा यही माघ २४ देखि २६ गतेसम्म सो कार्यक्रम हुने छ । अध्यक्ष सापकोटाले बाँकेमा पनि पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहेकाले ‘टुर दि बाँके राष्ट्रिय निकुञ्ज’ सुरु गर्न खोजे पनि पर्यटन विकासका लागि पर्यटन पूर्वाधारको विकास नभएकाले करिब तीन सय जनालाई त्यस आसपास क्षेत्रमा आवास नभएकाले व्यवस्थापन गर्न अप्ठेरो परेको बताए ।

उनले नेपालगञ्जमा रहेका धार्मिक सर्किटलाई जोड्दै बाबा बरफानी, सन्तानेश्वर मन्दिर, गोवर्द्धन धाम, सिक्टा ब्यारेज, बाँके राष्ट्रिय निकुञ्जसहित गाभर भ्यालीलगायतका पर्यटकीय गन्तव्यलाई जोड्न कार्यक्रम बनाएर योजनासहित अघि बढ्नुपर्नेमा जोड दिए ।

“टुर दि ठाकुराद्वारा अहिले सबैले चिन्ने छुट्टै ब्रान्ड भएको छ ।”-उनले भने । यसले नेपालभरका साइकल इभेन्टलाई नेतृत्व दिएको उल्लेख गर्दै उनले नेपाल र भारतसहित विदेशसम्म ख्याति कमाएको यो कार्यक्रमलाई ‘टुर दि फ्रान्स’ बनाउने महत्वाकांक्षा रहेको बताए ।

नेपालगञ्ज आएलगत्तै सबै पाहुनाका लागि खाना र आवासको प्रबन्ध भएको जानकारी दिँदै अध्यक्ष सापकोटाले माघ २६ गतेसम्म बर्दियाको ठाकुरद्वारामा आवासको व्यवस्थापन भएको बताए । यहाँका सुविधा सम्पन्न रिसोर्टमा पाहुनाका लागि आवासको व्यवस्थापन गरिएको छ । यस कार्यक्रममा सहभागी हुन नेपालीका लागि रु तीन हजार पाँच सय र विदेशीका लागि फरक दर्ता शुल्क तय भएको आयोजकले जनाएको छ । यस कार्यक्रममा कूल रु २५ लाख खर्च हुने अनुमान गरिएको अध्यक्ष सापकोटाको भनाइ छ ।

माघ २४ गते बिहान नेपालगञ्जको बागेश्वरी मन्दिरबाट झाँकीसहित पैदलमार्च हुने र लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले ‘टुर दी ठाकुरद्वारा’ कार्यक्रमको उद्घाटन गर्ने जनाइएको छ । कोहलपुर, केदारेश्वर धाम, सतखलुवा सिमसार क्षेत्र हुँदै बाटोमा रहेका विभिन्न धार्मिक पर्यटकीयस्थल र पर्यटकीय क्षेत्रको भ्रमण गराउँदै ठाकुरद्वारा मन्दिर हुँदै ठाकुरद्वारा पुऱ्याउने कार्यक्रम रहेको छ ।

**थुनछेक...**

लामिछानेलगायतमाथि संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा नलगाउने चितवन जिल्ला सरकारी वकिलको कार्यालयका अधिकारीमाथि छानबिन गर्न महान्यायाधिवक्ताको कार्यालयले समिति गठन गरेको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय चितवनका जिल्ला न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेलमाथि छानबिन गर्न महान्यायाधिवक्ता कार्यालयले बुधबार समिति गठन गरेको हो ।

महान्यायाधिवक्ताको कार्यालयले नायब महान्यायाधिवक्ता गोपालप्रसाद रिजालको संयोजकत्वमा छानबिन समिति गठन गरेको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जानकारी दिए ।

छानबिन समितिमा सहन्यायाधिवक्ता सूर्यराज दाहाल, सहन्यायाधिवक्ता ईश्वरीप्रसाद ढकाल, उपन्यायाधिवक्ता रुद्रप्रसाद आचार्य सदस्य छन् ।

छानबिन समितिले चितवनको सहारा सहकारी ठगी प्रकरणमा रवि लामिछानेलगायतविरुद्ध चितवन जिल्ला अदालतमा दायर गरेको दर्ता अभियोगपत्रको छानबिन गर्ने दाहालले बताए ।

## सूचना । सूचना ।। सूचना ।।।

गुल्मी जिल्ला साविक पौदी अमराई गा.वि.स. वडा नं. ६ हाल मुसिकोट नगरपालिका वडा नं. १ स्थायी ठेगाना भएका भारतीय पेन्सपट नं. ८१०४९ का ला. नायक भिम बहादुर थापा छ आसाम राईफलको छोरीको नेपाली नागरिकता अनुसार नामथर अमृता कुमारी बोहोरा उल्लेख भएको र पेन्सन अभिलेख अनुसार माया थापा उल्लेख भई फरक परेको र यी दुवै नामथर भएको व्यक्ति एउटै भएको र यस्तै नामथर गरेको व्यक्ति भएमा स्थानिय निकाय, जिल्ला प्रशासन कार्यालय वा सम्बन्धीत निकायमा दाबी बिरोध गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

## CHHATRADEV RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of2nd publication: 2081/10/24 (6February, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronicsbids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***For Bid document Fee (NRs 1000)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 AantarikRajaswaKhata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3DharautiKhata (Chhatradev RMCP))
Last Date of Bid Purchase and Submission: 21 February 2025(2081/11/09) 12:00 Hrs.
Bid Opening Date:21 February 2025(2081/11/09) 13:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 6thMay2025 |
|---|---|---|
| 1 | Construction Of LatagaudaFasinchaurPangkhola Motorable Roads,Chhatradev-4,Arghkhanchi CRM/ARG/SQ/W/19/081/82 | 25000/- |

## Baganaskali Rural Municipality
## Office of Rural Executive
Chirtungdhara, Palpa

## Invitation for Online Bids

Date of publication: 2081/10/24 (Feb,06,2025)

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Nepal Bank Ltd., Palpa
Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa
Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,
Antarik Rajaswa Account No.:01703000001001000001
Bid Validity Period: 120 days
Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa,
DharautiKhataA/C no.01703000003000000001

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| BRM/PLP/W/NCB/09/081-082 | Siddhartha Highway-Khorbari-Bouddha Gumba Road Repairs | 2486556.76 | 3000.00 | 63000.00 | 2081/11/25 12.00 Pm (Mar,09,2025) |

**Chief Administrative Officer**
**Baganaskali Rural Municipality**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**बर्खाको लागि हिउँदमा तटबन्धः**

बर्खायाममा उर्लदों तिनाउले ल्याउने विपत्तिबाट बस्तीलाई जोगाउन बुटवल उप-महानगरपालिका वडा नं. ११ पवित्रनगरमा तटबन्ध निर्माण गरिंदै। सम्भावित विपत्ति सामना गर्न समयमा नै उपायहरू अवलम्बन गरे क्षति न्यूनीकरण हुन्छ। *तस्विरः डी.बी. टण्डन(विजय)।*

# कालिका मानवज्ञान माविका १३ सय ६४ छात्रालाई एचपीभी खोप



बुटवल। बुटवल १० कालिकानगरमा रहेको कालिका मानवज्ञान माविका छात्राहरुलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप(एचपीभी) प्रदान गरिएको छ। बुटवल उप-महानरपालिकाको आयोजानमा बुधबार विद्यालयमा एक विशेष कार्यक्रमको आयोजना गरी खोप प्रदान गरिउको हो। राष्ट्रव्यापी खोप अभियानअन्तर्गत विद्यालयमा कक्षा ६ देखि १० सम्म् अध्ययनरत १ हजार ३ सय ६४ जना छात्राहरुलाई बुधबार खोप प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए।

कालिका मानवज्ञान माविको सेक्टर २ रामनगरमा भने मंगलबार नै यो खोप प्रदान गरिएको सेक्टर २ का इञ्चार्ज कृष्ण गौतमले जानकारी दिए।

बुधबार आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै बुटवल उप-महानपालिकाका प्रमुख खेलराज पाण्डेयले कुनै पनि विद्यार्थी आर्थिक अभावमा अध्यायन गर्नबाट वञ्चित हुने अवस्था नआउन दिनको लागि नगरपालिकाले काम गर्दै आएको बताएका थिए। उनले कुनै पनि विद्यार्थीलाई आर्थिक अभावको कारण शिक्षाबाट वञ्चित हुन नपर्ने र यसको सबै व्यवस्था बुटवल उप-महानरपालिकाले प्रदान गर्ने समेत प्रतिबद्धता जनाएका थिए।

अहिलेका किशोरीहरु भविश्यका आमा समेत भएको भन्दै उनले अहिले नै प्रणाघातक रोगको रुपमा रहेको पाठेघरको क्यान्सरबाट बच्नको लागि सरकारले नै अर्को वर्षदेखि नियमित खोप कार्यक्रममा समावेश गरेर राम्रो काम गरेको समेत बताएका थिए।

कार्यक्रममा बुटवल उप-महानरपालिका जनास्वाथ्य महाशाखा प्रमुख युवराज पाण्डेले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप पूर्णरुपमा सुरक्षित भएको कारण निर्धक्क भएर लगाउनको लागि आग्रह गरेका थिए।

उक्त कार्यक्रममा अनुगमनको रुपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवाली, विद्यालयका सहायक प्रधानाध्यापक पिताम्बर बञ्जाडेसहित डब्लु एचओका प्रतिनिधि डा. राजेश सम्बरजिओ पाण्डव, डब्लुएचओका आर्यपीडी टिम लिडर डा. जीवीलन्डर सिंह, एनपीओ पीएमई विनोद गुप्ता, सुदन ज्ञवाली, डा. पवन उपाध्यक्ष, डा. सागर तिवारीलगायतको उपस्थिति रहेको थियो।

# ३८ युट्युब च्यानललाई कारबाही हुँदै

बुटवल। झापाको शिवसताक्षी नगरपालिकामा भएको घटनालाई 'अमला काण्ड' भन्दै अतिरञ्जित रुपमा प्रस्तुत गर्ने ३८ वटा युट्युब च्यानललाई प्रेस काउन्सील नेपालले कारबाहीको दायरमा ल्याएको छ।

काउन्सिलले पछिल्लो समय विभिन्न युट्युब च्यानल र फेसबुक पेजमार्फत् सत्यतथ्य पुष्टि नगरी अतिरञ्जित रुपमा समाचार सम्प्रेषण भइरहेको भन्दै कारबाहीको दायरमा ल्याएको हो।

पीडित युवती, आरोपित जेष्ठ नागरिक, शिशु र पीडित परिवारका भिडियो तथा तस्विर सार्वजनिक गर्दै अमर्यादित प्रश्न सोधिएको, संवेदनहीन बहसलाई प्राथमिकता दिँदै भिडियोमा दर्शक बढाउने उद्देश्यले चरित्रहत्या गर्ने सामग्री सम्प्रेषण गरिएको काउन्सिलको ठहर रहेको काउन्सिलका सह-प्रशासकीय अधिकृत समेत रहेका सहायक प्रवक्ता रामशरण बोहोराले जानकारी दिए।

उनका अनुसार पत्रकार आचारसंहिता, महिला उत्तरदायी सञ्चार निर्देशिका, जेष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका तथा वैयक्तिक गोपनीयतासम्बन्धी ऐनको उल्लङ्घन गर्ने यस्ता च्यानलमाथि कारबाही अघि बढाइएको छ।

सहायक प्रवक्ता बोहराले जारी गरेको विज्ञप्तिमा मिडियाको आवरणमा चलेका तर दर्ता नभएका युट्युब च्यानललाई साइबर ब्युरोमार्फत् कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको उल्लेख छ।

काउन्सिलले विज्ञप्तिमार्फत् नै पत्रकारिताका मूल्य मान्यता विपरीत समाजमा घृणा, उत्तेजना र अफवाह फैलाउने सामग्री तत्काल हटाउन आग्रह गरेको छ। गैरपेशागत तथा गैरकानुनी गतिविधि नगर्न चेतावनी दिँदै काउन्सीलले जिम्मेवार पत्रकारितामा ध्यान दिन सबै सञ्चार माध्यमलाई अनुरोध गरेको छ।

रुपन्देही सुपरलिगः

# तिरूपति सेमिफाइनलमा प्रवेश




भैरहवा। तिरुपति क्रिकेट क्लब भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ। प्रतियेगिताअन्तर्गत बुधबार भएको 'ए' डिभिजनको खेलमा सैनामैना क्रिकेट क्लबलाई ५ विकेटले पराजित गर्दै तिरुपति सेमिफाइनल पुगेको हो।

सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको सैनामैनाले निर्धारित ४३ ओभरमा २२ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय १ रन बनायो। उसका लागि ईश्वर क्षेत्रीले २८, विक्रम गौतमले १९ र प्रदीप सुवेदीले १० रन बनाए पनि अन्य ब्याटरले भने दोहोरो अंकमा रन बटुल्न सकेनन्। तिरुपतिका सन्दीप मौर्यले ६ ओभर ५ बल बलिङ गर्दै २७ रन खर्चेर ६ विकेट हात पारे। यस्तै, सुलभ ढुंगानाले २ तथा रुपेश कुर्मीले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको तिरुपतिले २० ओभर ४ बलमा ५ विकेटको नोक्सानीका १ सय २ रन बनाउँदै लक्ष्य भेट्टाइ सेमिफाइनल यात्रा पक्का गर्यो। उसको जितमा एजाजुल हकले २९ तथा कमल विक र तुलबहादुर थापाले समान १५-१५ रन प्रहार गरे। बलिङमा सैनामैनाका किरण भट्टराई, ईश्वर क्षेत्री, गोपाल शर्मा, प्रदीप सुवेदी र विक्रम गौतमले समान १-१ विकेट लिए। खेलमा तिरुपतिका सन्दीप मौर्य प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

# पोल व्यवस्थित गर्न दुरसञ्चारलाई पत्राचार



भैरहवा। सिद्धार्थनगर नगरपालिकाले नगर क्षेत्रभित्र रहेका अव्यवस्थित पोलहरु व्यवस्थित गर्न नेपाल दुरसञ्चार भैरहवा कार्यालयलाई पत्राचार गरेको छ।

सिद्धार्थनगरका मेयर इस्तियाक अहमद खाँले बुधबार दुरसञ्चारलाई पत्र लेखी अव्यवस्थित पोलहरु र तार व्यवस्थित गर्न आग्रह गरेका हुन्।

खासा गरी सिद्धार्थनगर मिलनचोकदेखि एरपोर्टसम्म रहेका दुरसञ्चार कार्यालयअन्तरगतका पोल र तार अव्यवस्थित हुँदा सर्वसाधारण, सवारीसाधन आवातजावतमा समस्या उत्पन्न भएको र दुर्घटना समेत गराएको उल्लेख गर्दै नगर प्रमुख खाँले अव्यवस्थित र खियाका कारण कमजोर अवस्थामा रहेका पोलहरु ढल्ने सम्भावना समेत रहेको पत्रमा उल्लेख गरेका छन्।

त्यस्ता पोलहरुले दुर्घटना निम्त्याउने तथा यत्रतत्र झुण्डीएका तारहरुले नगरको सुन्दरणीकरणमा समेत नकारात्मक प्रभाव पारेको हुँदा यथासिघ्र व्यवस्थित गर्न दुरसञ्चारलाई आग्रह गरिएको मेयर खाँले जानकारी दिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com